## कोन्ज्योसोम गाउँपालिका

# स्थानीय राजपत्र

## कोन्ज्योसोम गाउँपालिकाद्धारा प्रकाशित

खण्डः२ संख्याः४ मितिः२०७६।०६।०६

## भाग-२

# कोन्ज्योसोम गाउँपालिकाको
# आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७६

**प्रस्तावनाः-**

लोककल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न निरपेक्ष गरिबीको रेखामुनी रहेका दिर्घरोगी, हिंसा पीडित तथा बेचबिखनमा परेका महिला, बालबालिका, विपन्न, अति अशक्त अपाङ्ग, पूण अशक्त अपाङ्ग, बेवास्तामा परेका जेष्ठ नागरिक तथा कोन्ज्योसोम गाउँपलिकाका जनप्रतिनिधी र अन्तर्गत कार्यरत सबै कर्मचारीहरु कामका सिलसिलामा विरामी भएमा तथा दुर्घटना भएमा आर्थिक सहायता दिन आर्थिक सहायता सम्बन्धी कानुन बनाउन बाञ्छनिय भएकोले कोन्ज्योसोम गाउँपालिकाले यो कार्यविधि वनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः-** (१) यस कार्यविधिको नाम कोन्ज्योसोम गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७६ रहेको छ।

२.यो कार्यविधि तुरुन्त लागु हुनेछ।

३. परिभाषाः- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा;

क.गाउँपालिका भन्नाले कोन्ज्योसोम गाउँपालिका लाई सम्झनुपर्छ।

ख. गाउँ कार्यपालिका भन्नाले कोन्ज्योसोम गाउँ कार्यपालिका लाई सम्झनुपर्छ।

**ग. आर्थिक सहायता पाउन योग्य व्यक्ति भन्नालेः** निरपेक्ष गरिबीको रेखामुनी रहेको भनी प्रमाणित भएका मुट्, मृगौला, फोक्सो, पाठेघर, कलेजो जस्ता शरिरका महत्वपूर्ण अंगहरुका रोगी एवं क्यान्सर पीडित व्यक्तिहरु, घरेलु हिंसा, यौन हिंसाबाट अक्रान्त र पीडित एवं बेचबिखनमा परेका महिलाहरु जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा बेवारिसे अवस्थामा फेलापरेका, ऋणको कारण बन्धकमा परेको वा जबरजस्ती श्रमबाट पीडित भएको, शारिरीक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित दूर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, बावु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले बेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचबिखन वा ओसारपसारमा परेको, हिंसापीडित, वावु, आमा वा संरक्षकबाट वञ्चित, अपाङ्गता भएको सूस्तमनस्थिति भएको, अपहरण वा शरीर बन्धकमा परेको सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रामत बालबालिका, बेसहारा बृद्ध बृद्धा र गाउँपालिकाका जनप्रतिनिधी र अन्तर्गत कार्यरत कर्मचारीसमेत बुझ्नुपर्छ।

**(घ) न्यायीक समिति** भन्नाले कोन्ज्योसोम गाउँपालिका अन्तर्गतको न्यायीक समिति सम्झनु पर्दछ।

**(ङ) प्रमुख प्रशासकिय अधिकृत** भन्नाले कोन्ज्योसोम गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ ।

**(च) गाउँपालिका प्रमुख** भन्नाले कोन्ज्योसोम गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

## परिच्छेद-२
## आर्थिक सहायता

**३. दिर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायताः-** (१) आर्थिक सहायता पाउन योग्य दिर्घ रोगी मृगौला रोगी, मुटु, फोक्सो, पाठेघर, कलेजो, मस्तिष्क तथा क्यान्सर पीडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन् ।

**स्पष्टिकरण आवश्यक कागजात** भन्नाले आर्थिक रुपले विपन्न भनि अधिकार प्राप्त सरकारी निकायबाट प्रमाणित कागजात, अस्पतालको रिपोर्ट लगायतका कागजात बुभनु पर्दछ ।

(२) एक लाख सम्मको आर्थिक सहायता गाउँपालिकाका अध्यक्षको तोक आदेश तथा सिफारिसमा कार्यालयले र सो भन्दा माथिको सहायता गाउँकार्यपालिकाको निर्णय बमोजिम दिनेछ ।

(३) उपखण्ड (१) बमोजिम प्राप्त निवेदन माथि गाउँकार्यपालिकाले आवश्यक छलफल गरी आर्थिक सहायता दिने निर्णय गरेमा विरामीको अवस्था हेरी रु. १,००,००१- देखि माथिको आर्थिक सहायता दिई निःशुल्क उपचारको लागि समेत सिफारिस गर्न सकिनेछ ।

४. हिंसा पीडित तथा बेचबिखनमा परेकालाई सहायता :- (१) घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पीडित एवम् बेचबिखनमा परेका महिलाहरुको तत्काल उद्धार गरी जीवन यापनको लागि गाउँकार्यपालिकाको निर्णयानुसार रु. १०,०००।-(दशहजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) पीडितलाई न्याय दिलाउन एवं पुनर्स्थापनाको लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ ।

५. आर्थिक रुपले विपन्न र पिडित बालबालिकालाई सहायता :- (१) आर्थिक कारणले जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा बेवारिसे अवस्थामा फेला परेको, ग्रणको कारणले बन्धकमा परेको वा जबरजस्ती श्रमबाट पीडित भएको, शारीरिक वा मानसिक यातना वा भेदभावजस्ता दुर्व्यवहारबाट पीडित, दुर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले बेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचबिखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट बञ्चित, अपांगता भएको, सुस्तमनस्थिति भएको, अपहरण वा शरीर बन्धकमा परेको सडक बालबालिका, एच्.आई.भी. एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्धार गरी पालनपोषणको लागि गाउँपालिकाको अध्यक्षको तोक आदेशमा रु. २०,०००।- (बीस हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) उपखण्ड (१) मा उल्लिखित बालबालिकाको शिक्षा तथा पालनपोषणको लागि आर्थिक सहायता सम्वन्धी कार्यविधि, २०७६ बमोजिम संस्थागत विद्यालयसँग समन्वय गरी छात्रवृत्ति मार्फत शिक्षा तथा पालनपोषणको व्यवस्था गर्न सकिनेछ ।

**६. आर्थिक रुपले विपन्न गर्भवती महिला तथा सुत्केरी आमाहरुलाई सहायता:-** (१) आर्थिक रुपले विपन्न तीन महिनासम्म पनि खान नपुग्ने भनि प्रमाणित परिवारका गर्भवती महिला एवं सुत्केरी आमाको पालनपोषणको लागि बढिमा दुई पटक गर्भवती हुँदा वा सुत्केरी हुँदा उक्त सहायता उपलब्ध गराईने छ।

(२) उपखण्ड (१) बमोजिम सहायता पाउन गर्भवति महिला वा सुत्केरी आमाले आफैं वा पति वा परिवारको कुनै सदस्य मार्फत तोकिएका कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन् ।

**७. बेवास्तामा परेका जेष्ठ नागरिकलाई सहायता :-** दलित ज्येष्छख्चीगरिकको हकमा ६० वर्ष उमेर पुगेका र अन्य ज्येष्ठ नागरिकको हकमा ७० वर्ष उमेर पुगेका परिवारका सदस्यले बेवास्ता गरेका विपन्न, रोगी एवं अशक्त ज्येष्ठ नागरिकले आर्थिक सहायताको लागि गाउँपालिकामा निवेदन पेश गरेमा र निवेदन मनासिव भएमा रु. १०,०००।- (दश हजार) सम्म आर्थिक सहायता दिई पुनर्स्थापनाको लागि आवश्यक पहल गर्न सकिनेछ ।

**८. अति अशक्त अपांग र पूर्ण अशक्त अपांगलई सहायता :-** (१) आर्थिक रुपले विपन्न अति अशक्त अपांग र पूर्ण अशक्त अपांगको पालनपोषण तथा जीविकोपार्जनको लागि आश्रित परिवारका सदस्यलाई लागि रु. १०,०००।-(दश अजार) सम्म आर्थिक सहायता दिन सकिनेछ ।

(२) आर्थिक सहायता प्राप्त गर्न आर्थिक रुपले विपन्न भनी अति अशक्त र पूर्ण अशक्त अपांगको परिचयपत्र सहित गाउँपालिका कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

## परिच्छेद-३
## विविध

**९. निवेदनको ढाँचा :-** खण्ड ३, ४, ५, ६, ७ र ८ अनुसार सहायता पाउन अनुसूची-१ को ढाँचामा निवेदन दिनु पर्नेछ ।

**१०. अधिकार प्रत्यायोजन गर्न सकिने :-** यस कार्यविधि अनुसार आर्थिक सहायता सम्बन्धि निर्णयको अधिकार गाउँकार्यपालिकाले गाउँपालिका अध्यक्षलाई दिन सक्नेछ ।

**११. आकस्मीक कोष :-** (१) यस कार्यविधि अनुसार आर्थिक सहायता दिने एवं प्राकृतिक र गैर प्राकृतिक प्रकोप पीडितलाई राहत, उद्धार तथा पुर्नस्थापना गर्ने र अन्य आकस्मीक कार्यमा प्रयोग गर्ने प्रयोजनको लागि एक आकस्मीक कोष स्थापना गरिनेछ ।

(२) आकस्मीक कोषमा देहायको रकम जम्मा गरिनेछ :-
(क) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकारबाट आकस्मीक कोषको लागि प्राप्त अनुदान,

(ख) सरकारी तथा गैरसरकारी संघसंस्थाबाट आकस्मीक कार्य (आर्थिक सहायता, प्रकोप पीडित राहत) को लागि प्राप्त सहयोग वा अनुदान,

(ग) आर्थिक सहायता, प्राकृतिक प्रकोप पीडितको उद्धार, राहात तथा पुर्नस्थापनाका लागि प्राप्त जुनसुकै रकम,

(३) कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) आकास्मीक कोष सम्बन्धी अन्य व्यवस्था गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

## अनुसूची-१

**(खण्ड ९ सँग सम्बन्धित)**

मितिः-

श्रीमान् अध्यक्ष ज्यू,
कोन्ज्योसोम गाउँपालिका, चौघरे, ललितपुर ।

विषयः- आर्थिक सहायता उपलब्ध गराईदिनु हुन ।

महोदय,

प्रस्तुत विषयमा म÷हामी ............................. रोगले ग्रसित भई ................ गर्नुपर्ने व्यहोरा अवगत गराउँदछु/छौं । उपचारको लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले सो को लागि तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई निः शुल्क उपचारको लागि सम्बन्धित निकायमा सिफारिस तथा पहल गरिदिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि पेश गर्दछु/गर्दछौं ।

तपसिल

१. ............................................
२. ............................................
३. ...........................................

निवेदक
दस्तखतः ..............................
नाम थरः ..............................
ठेगानाः ................................

**आज्ञाले,**

**रोम बहादुर महत**

**प्रमुख प्रशासकीय अधिकृत**